# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रशासनिक सहायक पदमा कार्यरत मो. सईदुर्रहमानले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी कार्यरत रहेकोले कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज मो. सईदुर्रहमानले सेवामा प्रवेश गर्न र सेवामा बहाल रहने प्रयोजनका लागि बिहार इण्टरमिडियट शिक्षा परिषद्, पटना, भारतबाट प्राप्त हाइस्कुल परीक्षा उत्तीर्ण भएको झुट्टा (नक्कली) शैक्षिक प्रमाणपत्र पेश गरी सेवामा बहाल रही लाभसमेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज मो. सईदुर्रहमानलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता